# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

खण्ड ५ संख्या १५ मिति २०७८/९/१४


### भाग-२

## समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिका स्वीकृत मितिः २०७८/९/८

इन्द्रसरोवर गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो कामकारवाहीलाई थप व्यवस्थित रुपमा संचालन गरी कार्य सम्पादन स्तर गुणात्मक बनाइ उच्चत्तम नतिजा प्राप्त गर्न, इन्द्रसरोवर गाउँपालिकाको विषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम सञ्चालन गरी कार्यपालिकाको बैठकको उपलब्धीलाई अझ वृद्धि गर्न

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ र दफा १०२(२) अनुसार कार्यपालिकाले मिति २०७८/९/८ को बैठकले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

1) संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "इन्द्रसरोवर गाउँपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि" २०७८ रहेको छ ।

(२) यो कार्यविधि इन्द्रसरोवर गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

2) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः-

क. " ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले इन्द्रसरोवर गाउँपालिका कार्यपालिका अन्तर्गत

समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

ग. “अध्यक्ष” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ. “उपाध्यक्ष” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ. “प्रमुख प्रशासकीय अधिकृत भन्नाले” स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च. “समिति/उपसमिति” भन्नाले यस कार्यविधि बमोजिम गठित समिति/उपसमिति सम्झनु पर्दछ ।

छ. “गाउँ सभा” भन्नाले इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ज. “संयोजक” भन्नाले समितिको संयोजक सम्झनु पर्दछ ।

झ. “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्दछ । ।

ञ. “सदस्य सचिव” भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

ट. “शाखा/इकाई” भन्नाले इन्द्रसरोवर गाउँपालिका अन्तर्गतको शाखा/इकाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## समिति गठन तथा क्षेत्राधिकार

3) **समिति गठनः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानूनले स्थानीय तहलाई उपलब्ध गराइएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासनलाई व्यवस्थित बनाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न मद्दत पुर्याउने उद्देश्यले इन्द्रसरोवर गाउँपालिका अन्तर्गत विषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा विषयहरु उपर छलफल गरी निस्किएको निचोड तथा प्रस्तावलाई प्रमुख मार्फत कार्यपालिकामा पेश गरी आवश्यक

कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलब्धीलाई उच्चत्तम गराउन आवश्यक देखिएकोले हालको संस्थागत तथा वियषगत कार्यक्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने समिति/उपसमितिहरु गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिमका समितिहरु गठन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । कार्यपालिकाको सदस्य मध्येबाट संयोजक १, सदस्य बढीमा ३ जना र सदस्य सचिवमा संवद्ध शाखा/इकाईको प्रमुख रहने गरी समितिको संरचना हुनेछ । समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछ ।

अध्यक्ष तथा उपाध्यक्ष बाहेक कार्यपालिकाको सदस्य कुनै एक विषयगत समितिमा मात्र संयोजक वा सदस्य हुन सक्नेछ ।

(३) उपदफा २ बमोजिम इन्द्रसरोवर गाउँपालिका अन्तर्गत तथा उपसमितिको काम, कर्तव्य र अधिकार क्षेत्र देहाय बमोजिम हुनेछः

क. **सुशासन समितिः** सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. इन्द्रसरोवर गाउँपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, मितव्ययिता र प्रभावकारीता कायम गर्न/गराउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. संस्थागत सुशासन तथा शहरी सु-व्यवस्था कायम गर्न आवश्यक प्रस्तावहरु सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

३. इन्द्रसरोवर गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

४. संवद् कानून तथा इन्द्रसरोवर गाउँपालिकाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धी सम्बन्धमा नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित शाखा/इकाई तथा अन्य प्रशासनिक एकाइसँग समन्य गरी तोकिएका कार्य विवरण अनुसारको कार्य

सम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने ।

५. इन्द्रसरोवर गाउँपालिकाको समस्त प्रशासनिक काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

६. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

७. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

ख. **सामाजिक समितिः** सामाजिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. इन्द्रसरोवर गाउँपालिका क्षेत्रको सामाजिक विकास, समाजकल्याण, शिक्षा तथा व्यवसायिक क्षमता विकास र स्वास्थ्य तथा स्वरोजगार जस्ता सामाजिक क्षेत्रमा सुशासन र समृद्धी हासिँल गर्न आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. महिला, वालवालिका, ज्येष्ठ नागरिक, असाहाय र अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग, समुदाय, शहरी गरिव तथा सिमान्तकृतहरुको हकहित र

सुविधाको निम्ति इन्द्रसरोवर गाउँपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

३. इन्द्रसरोवर गाउँपालिकाको स्वास्थ्य, शिक्षा, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्यपद्धतिको विकास गरी सक्षम, उत्कृट, सबल र प्रतिस्पर्धी नागरिक विकासमा केन्द्रित भई स्थानीय शासन संचालनका लागि आवश्यक संयन्त्र तथा कार्यप्रणालीको सिफारिस गर्ने ।

४. समाजकल्याण तथा सामाजिक विकासकाक विविध क्षेत्रहरुमा सम्बन्धित शाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयलाई सुनिश्चित गराउने विषय क्षेत्रसँग सम्बन्धित शाखा/इकाई तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्य सम्पादनमा

थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

५. इन्द्रसरोवर गाउँपालिकाको समस्त सामाजिक क्षेत्रको काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

६. समितिले आफनो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

७. कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

ग. **विधायन समितिः** विधायन समितिको काम, कर्तव्य र अधिकार देहाउ बमोजिम हुनेछः

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा संघ तथा प्रदेश कानून बमोजिम स्थानीय सरकारको रुपमा इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, कार्यविधि, विनियमावली, निर्देशिका तथा मापदण्डहरुको पहिचान गरी कानूनी ढाँचामा मस्यौदा गर्ने, संवद्ध सरोकारवालाहरु बीच छलफल गरी गराई सुझावहरु प्राप्त गर्ने र अन्तिम मस्यौदा

तर्जुमा गरी गाउँ सभा तथा गाउँ कार्यपालिकामा पारित गर्न प्रस्तुत गर्ने ।

२. न्यायिक समिति, प्रमुख प्रशासकीय अधिकृतको रोहबाट भएका निर्णय तथा मिलापत्रको कार्यान्वयन अवस्था सम्बन्धमा अवलोकन गरी प्रभावकारी कार्यान्वयनकाक लागि आवश्यक प्रवन्ध मिलाउने ।

३. इन्द्रसरोवर गाउँपालिकाको समग्र तथा विषयगत क्षेत्रहरुमा समयानुकुल सुधार गर्न आवश्यक पर्ने नीति, कानून तथा कार्यविधिहरुको अध्ययन विश्लेषण गरी गाउँ सु-व्यवस्थामा अभिवृद्धि गर्न आवश्यक संशोधन तथा पुनरावलोकन तथा कानून कार्यान्वयलाई सुनिश्चित गर्न गराउन आवश्यक संयन्त्र तथा कार्य प्रणालीको सिफारिस गर्ने ।

४. प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित शाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयलाई सुनिश्चित गराउने विषय क्षेत्रसँग सम्बन्धित शाखा, इकाई तथा अन्य प्रशासनिक

एकाइसँग समन्वय गरी तोकिएका कार्य विवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

५. इन्द्रसरोवर गाउँपालिकाको समग्र विधी तथा विधायन क्षेत्रको कामकारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

६. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

७. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

घ. **राजश्व समितिः** राजश्व समितिको काम, कर्तव्य र अधिकार देहाउ बमोजिम हुनेछः

१. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित कर, शुल्क, दस्तुर, दण्ड जरिवाना, रोयल्टी तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ अन्तर्गत उल्लेखित वित्तिय अधिकार क्षेत्र भित्रका कर, दस्तुर, शुल्क लगाउने, उठाउने र राजश्वको समुचित उपयोग गर्न स्थानीय सरकारको रुपमा इन्द्रसरोवर गाउँपालिकाले गाउँ सभा र

कार्यपालिकाबाट जारी गर्नु पर्ने ऐन, नियमावली,विनियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरुको पहिचान गरी विधायन समितिलाई पत्राचार गर्ने तथा राजश्व संवद्ध नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग समन्वयमा रही आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई बजेट, नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने ।

३. स्थानीय संचित कोषमा रहने रकमहरुको व्यवस्थापन सम्बन्धमा आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने ।

४. आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गर्ने, सबै करदाताहरुलाई करको दायरामा ल्याउने र कर प्रशासनलाई सरल, सहज र पारदर्शी बनाई करदाता मैत्री कार्यालयको रुपमा विकास गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रवन्धको लागि अध्ययन अनुसन्धान गरी उपयुक्त विधी, प्रकृया र प्रणालीको सिफारिस गर्ने ।राजश्व व्यवस्थापन

सम्बन्धमा गर्नु पर्ने सुधारका पक्षहरु सम्बन्धमा सिफारिस गर्ने ।

५. प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित शाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग सम्बन्धित शाखा, इकाई तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्य विवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

६. सबै करदाताहरुको विवरणलाई अध्यावधिक राखी सूचना प्रविधिको प्रयोगबाट कर संकलन गर्ने सम्बन्धमा संवद्ध शाखा, इकाईसँग सहयोग तथा समन्वय गर्ने ।

७. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

८. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

ङ. **पूर्वाधार समितिः** पूर्वाधार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. इन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र निर्माण गर्न आवश्यक भौतिक पूर्वाधारहरुको पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

३. सुरक्षित तथा व्यवस्थित इन्द्रसरोवर निर्माणका लागि अन्य स्थानीय तहहरुसँग समेत एकिकृत रुपमा संचालन गर्न आवश्यक ठुला परियोजनाहरु सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

४. शहरी पूर्वाधार विकास तथा भौतिक निर्माणसँग सम्बन्धित शाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन, सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित

गराउने । विषय क्षेत्रसँग सम्बन्धित शाखा, इकाई तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

५. इन्द्रसरोवर गाउँपालिकाको क्षेत्र भित्र अन्य सरकारी निकाय, संस्थान आदिबाट हुने भौतिक निर्माण संवद्ध कार्यहरुमा आवश्यक समन्वय गरी निर्माण कार्यमा एकरुपता र गुणस्तरीयता कायम गर्न सहयोग गर्ने ।

६. इन्द्रसरोवर गाउँपालिकाको स्वीकृत बजेट अन्तर्गत निर्माण गरिने शहरी पूर्वाधारहरु समयमै सम्पन्न गर्ने, गुणस्तरीयता र उपयोगितामा कमि आउन नदिने, अपागंता मैत्री संरचनाहरु निर्माण गर्ने तथा सार्वजनिक हित र सरोकारलाई उच्च महत्व दिई भौतिक संरचनाहरु निर्माण गर्न गराउन आवश्यक कानूनी तथा संस्थागत प्रवन्ध गर्न सिफारिस गर्ने ।

७. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत

कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

८. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

च. वातावरण समितिः वातावरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. इन्द्रसरोवर गाउँपालिकाको क्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. गाउँ सभा तथा  कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

३. सफा, सुन्दर र स्वच्छ गाउँ बनाउन आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

४. गुणस्तरीय खाद्यपदार्थ विक्रि वितरणको व्यवस्थापनको निमित्त आवश्यक पुर्वाधार, नियमित अनुगमन र कारवाही सम्बन्धमा आवश्यक नीतिगत तथा संस्थागत संयन्त्र विकास गर्न अध्ययन छलफल गरी प्रस्ताव पेश गर्ने ।

५. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यमा सम्बन्धित शाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन, सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग सम्बन्धित शाखा, इकाई तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

६. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

७. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

छ. **विपद् व्यवस्थापन समितिः** विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. इन्द्रसरोवर गाउँपालिकालाई सुरक्षित शहरको रुपमा विकास गर्न निर्माण गरिने सबै भौतिक

पुर्वाधारहरुमा विपद जोखिम न्यूनिकरणको प्रविधि र उपकरणहरु प्रयोग गर्ने प्रणाली पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

२. गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

३. सुरक्षित तथा व्यवस्थित गाउँ निर्माणका लागि अन्य स्थानीय तहहरुसँग समेत एकिकृत रुपमा संचालन गर्न आवश्यक विपद् व्यवस्थापन सम्बन्धी विषयमा संयुक्त तवरबाट अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने ।

४. शहरी पूर्वाधार विकास तथा भौतिक निर्माणमा विपद जोखिम न्यूनिकरणका अवधारणालाई मूल प्रवाहीकरण गरिए नगरिएको सम्बन्धमा सम्बन्धितशाखा, इकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन, सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित

गराउने । विषय क्षेत्रसँग सम्बन्धित शाखा, इकाई तथा अन्य प्रशासनिक एकाइसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

५. इन्द्रसरोवर क्षेत्रभित्र अन्य सरकारी निकाय आदिबाट हुने भौतिक निर्माण सम्वद्ध कार्यहरुमा आवश्यक समन्वय गरी प्रकोपबाट बच्न आवश्यक पहल गर्ने ।

६. विपद् व्यवस्थापनमा सुधार ल्याउन आवश्यक कानूनी तथा संस्थागत प्रवन्ध गर्ने सिफारिस गर्ने ।

७. समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको बैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

८. कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-३
## विविध

4) समितिको बैठक सम्बन्धी व्यवस्थाः समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२. समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउनेछ । सदस्य सचिवले संयोजक सँग समन्वय गरी बैठक बस्ने मिति, स्थान र कार्यसूची तथा गर्नुपर्नेछ ।

३. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

४. समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

६. समितिको बैठकमा बहुमतकी निर्णय मान्य हुनेछ र मत बराबर भएमा समितिको बैठकमा अध्क्षता गर्ने व्यक्तिले निर्णात्मक मन दिनेछ ।

७. समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

5) प्रतिवेदन पेश गर्नुपर्नेः समितिले गरेका काम कारवाही, सिफारिस तथा प्रतिवेदनहरु सम्बन्धमा प्रत्येक ४/४ महिनाको चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अध्यक्ष मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

6) सुझाव निर्देशन पालना गर्नुपर्नेः कार्यपालिकाले दिएका सुझाव तथा निर्देशनहरु समितिले अनिवार्य पालना गर्नुपर्नेछ ।

7) कर्मचारीले सहयोग गर्नु पर्नेः इन्द्रसरोवर गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुले समितिको कामकारवाहीमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

8) उपसमिति गठन गर्न सकिनेः समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

9) समिति/उपसमिति भंग, पुर्नगठन गर्न सकिनेः उपसमितिलाई समितिले र समितिलाई

कार्यपालिकाले जुनसुकै वेला भंग वा पुर्नगठन गर्न सक्नेछ ।

10) बैठक भत्ता सम्बन्धी व्यवस्थाः समिति/उपसमितिको बैठक भत्ता इन्द्रसरोवर गाउँपालिकाको कार्यसञ्चालन कार्यविधि अनुसार हुनेछ ।

11) बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न वाधा अडकाउ फुकाउन परेमा इन्द्रसरोवर गाउँपालकाको कार्यपालिकाले आवश्यकता अनुसार फुकाउन सक्नेछ ।

12) संशोधन गर्न सक्नेः यस कार्यविधिमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महशुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

आज्ञाले

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको समिति/उपसमिति गठन सम्बन्धी कार्यविधि, २०७८

मुल्य रु.१०